फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

☎अध्यक्ष - ९८५२०८०५०
☎उपाध्यक्ष - ९८५२०८०७
☎प्र.प्र.अ. - ९८५२०८०६००

## प्रेस बिज्ञप्ति ।

प्रस्तुत बिषयमा यस गाउँपालिका स्थित वडा नं.– २ ओयाक्जुङमा स्थानीय पुर्वाधार विकास साझेदारी बिकास कार्यक्रम अन्तर्गत बिनियोजित "ओयाक्जुङ यावरा खेलमैदान निर्माण" शिर्षकको योजना कार्यान्वयन गर्ने संबन्धमा वडा कार्यालयलाई उपभोक्ता समिति गठन गरी सो को जानकारी दिनको लागि पटक पटक पत्राचार गर्दा पनि उपभोक्ता समिति गठन गर्न नसकी गाउँपालिकाले नै आबश्यक प्रकृया अगाडी बढाउनको लागि पत्राचार भएबमोजिम गाउँ कार्यपालिकाको बैठक संख्याः ०२।२०७५।०७६ मिति २०७५।०५।११ गतेको निर्णयानुसार पारित "उपभोक्ता समिति गठन, परिचालन तथा ब्यबस्थापन संबन्धि कार्यविधि, २०७५" को अधिनमा रही गाउँपालिकाले मिति २०७६।०१।१६ गते उक्त योजनाको लाभग्राहीको प्रत्यक्ष भेलाबाट उ.स. गठन गर्न रेडियोमा सूचना प्रसारण गरीउक्त योजनाको लाभग्राहीहरु सहित गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, संबन्धित वडाको वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, स्थानीय शिक्षक, बुद्दिजिवी, समाजसेवी, नागरिक समाजको उपस्थितिमा उक्त भेलाको बहुमतबाट उ.स. गठन गरिएकोमा मिति २०७६।०१।१६ गते (29th April 2019) सांझ ६ बजेर २८ मिनेटमा फेदाप – २, ओयाक्जुङ निवासी श्री दुर्गा बहादुर मादेम्बा (फेसबुक युजर नेम Mademba DB Limbu) फेसबुक आइडि लिंक - https://www.facebook.com/shaamba.777) ले आफ्नो फेसबुकको वालमा अपलोड गर्नु भएको स्टयाटस प्रति यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । निजले प्रयोग गर्नु भएको स्टयाटस तथा उक्त स्टयाटसमा गरिएको कमेन्ट मध्ये हिमा लिम्बुले गर्नु भएको कमेन्टले यस गाउँपालिकाको अध्यक्षको गरिमा, मर्यादामाथि आंच आएको, अध्यक्षको नैतिक पतन गराउने नियतले गरिएको, ब्यक्तिगत चरित्र हत्या गर्ने किसिमले कमेन्ट गरिएकोले सामाजिक संजालमा आफ्नो ब्यक्तिगत स्वतन्त्रताको हकलाइ सदुपयोग गरिरहंदा स्थानीय सरकारको प्रमुख जस्तो गरिमामय पदमा आसिन ब्यक्ति तथा अन्य कार्यपालिकाका पदाधिकारी, कर्मचारीहरुको ब्यक्तिगत चरित्र हत्या गर्ने मनसायले अमर्यादित, अशोभनीय, असभ्य, अपाच्य किसिमको कमेन्ट तथा स्ट्याटस अपलोड नगर्नुहुन तथा सो किसिमको काम कारबाही भएमा प्रचलित कानून बमोजिम कारबाही गरिने ब्यहोरा संबन्धित सबैलाई जानकारी गराइन्छ । पुनश्च गाउँपालिकाको काम कारबाहीमा कुनै किसिमको चित्त नबुझेमा गुनासो दर्ता गर्नु हुन, सुझाब दिनु हुन तथा कार्यालयको काम कारबाहीबारे कुनै जानकारी चाहिएमा सूचनाको हक संबन्धि ऐन, २०६४ को अनुसुची १ बमोजिम निवेदन पेश गरी सूचना प्राप्त गर्नु हुन संबन्धित सबैलाई जानकारी गराइन्छ ।

मितिः २०७६।०१।१७ गते मंगलबार

.............................................
नबिन चन्द्र लिम्बु
प्रवक्ता